निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

मिति : २०७३/११/२२

निर्वाचन आयोग
नेपाल
२०२३

# प्रेस विज्ञप्ति

आगामी २०७४ साल वैशाख ३१ गते हुन गइरहेको स्थानीय तहको निर्वाचनको लागि निर्वाचन आयोगले तयारीको कार्यहरू तीव्ररूपमा अगाडि बढाइरहेको छ । निर्वाचन सम्पन्न गर्नको लागि आयोगलाई आवश्यक सहयोग पुऱ्याउन आयोगले नेपाल सरकारलाई १९ बुँदे निर्देशन तथा शान्ति सुरक्षा व्यवस्थित गर्नका लागि गृह मन्त्रालयलाई चार बुँदे निर्देशन दिइसकेको छ । निर्वाचन सञ्चालन तथा व्यवस्थापनका लागि अन्तिम तयारी गर्न आवश्यक पर्ने स्थानीय तह पुन:संरचना आयोगको प्रतिवेदन शीघ्र आवश्यक रहेको ब्यहोरासमेत नेपाल सरकारलाई अनुरोध गरिसकिएको सो प्रतिवेदन शिघ्रातिशीघ्र प्राप्तिको प्रतिक्षामा आयोग रहेको छ ।

निर्वाचन सञ्चालन गर्न समय निकै छोटो रहेको र निर्वाचन कार्यलाई स्वच्छ, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचनका सरोकारवालाहरूको महत्वपूर्ण र सकारात्मक भूमिकाको निर्वाचन आयोगले अपेक्षा गरेको छ । निर्वाचनका प्रमुख सरोकारवाला राजनीतिक दलहरूको आपसी सहयोग, समन्वय, सहमति, समझदारीबाट मात्र निर्वाचन सञ्चालन तथा व्यवस्थापन गर्न सहज वातावरण निर्माण हुने भएकोले राजनीतिक दलहरूबाट उल्लेखित वातावरण सिर्जना गर्न महत्वपूर्ण भूमिका निर्वाह हुनेछ भन्नेमा निर्वाचन आयोगले विश्वास लिएको छ ।

(सूर्य प्रसाद शर्मा)
सहसचिव एवं प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np